# प्रस्तुत खजुरा गाउँपालिकाको आ.व. ०७८।०७९ को बजेट

यस खजुरा गाउँपालिकाको नवौ गाउँ सभाका सभाअध्यक्ष महोदय,
गाउँसभामा उपस्थित सभा सदस्यज्यूहरू,

म खजुरा गाउँपालिकाको उपाध्यक्ष एंव बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय सभामा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा (३) अनुसार प्राथमिकता प्राप्त योजनाहरू, दफा २५ बमोजिम गैरसरकारी संघ संस्था र उपभोक्ता समिति, सहकारी, सामाजिक तथा सामुदायिक संस्थाहरू संग गरिने समन्वयकारी भुमिका सोही ऐनको दफा २६ अनुसार श्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रभावको लागि साझेदारी वा संयुक्त व्यवस्थापन गर्ने गरि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको आफ्नो आन्तरीक श्रोतका आधारमा प्राप्त रकमको अधिकतम उपयोग हुने गरि स्थानिय सरकार संचालन ऐन को दफा ७१ ले दिएको अधिकार प्रयोग गरि खजुरा गाउँपालिकाको आ.व. ०७८।०७९ को बजेट प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवको महशुस गरी रहेको छु ।

संघिय लोकतान्त्रिक गणतन्त्रसम्म ल्याई पुराउन आफ्नो जिवन उत्सर्ग गर्नु हुने महान सहिदहरू प्रति उच्च श्रदाका साथ भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । यसै गाउँपालिकाको सहिद सेतु वि.क.लाई पनि स्मरण गर्न चाहान्छु । संघर्षको दौरानमा बेपत्ता, अपांग तथा घाइते हुनुभएका बीर योद्धाहरू र वहाँहरूका पीडित परिवाहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । हामीले आ.व. ०७८।०७९ को बजेट प्रस्तुत गर्दै गर्दा गत वर्ष जस्तै यस वर्ष पनि कोरना भाइरसको संक्रमणबाट गाउँपालिका अछुतो रहन सकेन यस वर्ष गाउँपालिका भित्र करिव ७९५ जना संक्रमित मध्ये ३४ जनाको मृत्यु भएको छ । म कोरनाभाइसरबाट मृत्यु भएका व्यक्तिहरू प्रति भावपूर्ण श्रद्दाञ्जली अर्पण गर्दछु र कोरना भाइरसबाट संक्रिमित विरामीहरूको शिघ्र स्वास्थ्य लाभको काम गर्दछु । हाम्रो देशलाई यस कोरना भाइरबाट पर्न गएको आर्थिक मन्दी आर्थिक अलग हुन सकेन सो को कारण देशमा आएको आर्थिक अस्थिरताले चालु आ.व.मा प्राप्त हुने राजश्वका कारण हामीले अनुमानित गरेको राजश्व प्राप्त गर्न सकिएन । यस घडीमा हाम्रो मुख्य लक्ष्य भनेको युवाहरूलाई रोजगारी, स्थानियस्तरको विकास निर्माण र कोभिड-१९ को संक्रमित विरामीलाई बचाउने दैनिक जिविकोपार्जन गर्दै जिवन गुजारा गर्दै गरेका स्थानिय नागरिकलाई चुलो बाल्न समस्या नहोस भन्नाका लागि आवश्यक पर्दा राहत उपलब्ध गराउने नागरिकको सुरक्षित वसोवासको व्यवस्था मिलाउने अव्यवस्थीत भुमि व्यवस्थापनको कार्य र हामीबाट श्रृजना भएका गौरबका योजनाहरूलाई हामी हाम्रै पालामा पुरा गर्ने अठोट जिम्मा हाम्रो स्थानिय सरकारको काँधमा छ उक्त कार्यलाई हामी पुरा गर्न तयार छौ ।

विगत आ.व देखिनै कर्मचारी समायोजनबाट पूर्ण हुन नसकेको आ.व. ०७७।०७८ को बजेट प्रस्तुत गर्दा कर्मचारीहरू त हामीले दरवन्दी बमोजिम कर्मचारी पदपूर्ति गर्ने र गाउँपालिकाको आवश्क्ता अनुसार हरेक शाखाहरूमा दरवन्दी समायोजन र मिलानका लागि संगठन र संरचना अनुसार O & M सर्वे गरि यसै गाउँ सभामा पेश गर्ने गरि भएको प्रस्तावलाई यस गाउँसभाबाट हाल सम्म कर्मचारीहरूको संगठन र संरचनात्मक दरवन्दी सहित तयार गरेको प्रतिवेदन समेत गाउँसभाबाट पारित गराई कार्यलाई चुस्त र दुरूस्त गर्न यस सभाले आफ्नो भुमिका खेल्ने छ भन्ने मैले महसुस गरेको छु । हामी कर्मचारीहरूलाई हामीले चाहे जस्तो आकार प्रकारमा सक्षम बनाउन सकिएन कि अझ हामीले चाहे जस्तो खोजे जस्तो सक्षम कर्मचारीको विकास गर्न कर्मचारीहरूलाई क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रम गर्न जरूरी देखेको छु । त्यसै गरि हाम्रा विषयगत समिति र स्थानिय सरकार संचालन ऐन बमोजिम रहेका समितिहरूलाई चलायमान बनाउन र हाम्रा जनप्रतिनिधिहरूलाई समेत यस विषयमा ज्ञान दिनु जरूरी देखेको छु त्यसैले सक्षम कर्मचारी र जनप्रतिनिधी

एक सिक्काका दुई पाटा हुन भन्ने मैले बुझेकी छु त्यसैले यि दुवैलाई सक्षम र क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू यस आ.व.को बजेटमा केही समावेश गर्ने कोशिस गरेको छु ।

खजुराबासीले खोजेको सेवा र चाहेको विकासका लागि हामीले संघिय सरकार, प्रदेश सरकार संगको सहकार्य, सहयोग र समन्वयबाट प्राप्त हुने श्रोत र हामीहरू संग भएको श्रोत साधनहरूको अधिक्तम प्रयोग गरि स्थानिय स्तरमा विकास गर्ने परिकल्पना गरेका छौ ।
अव हामीले भौतिक पूर्वाधार विकास संग संगै नागरिकहरूलाई ब्यवसायिक बनाउने, रोजगारी श्रृजनाहुने खालका कार्यक्रम, नागरिकलाई आफ्नै देशमा रमाउन सिकाउने र देशको जिम्मेवारी नागरिकको अनुभूति हुने खालका कार्यक्रमहरू ल्याउन जरूरी देखिन्छ भने विदेश पलायन भई स्वदेश फर्किएका नागरिकहरूलाई अव विदेश होइन स्वदेशमै केही गर्न सकिन्छ यसका लागि हाम्रो स्थानिय सरकार हाम्रो साथमा छ भन्ने महशुस हुने खालको कार्यक्रम ल्याउनकाका लागि कृषि पकेट कार्यक्रम, कोभिड विशेष कार्यक्रम, लघु उद्योग विकास कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, प्रधानमन्त्रि रोजगार कार्यक्रम बजेटमा ल्याएका छौ । यसबाट हाम्रा स्थानिय नागरिकहरूलाई अव विदेशबाट सिकेको सिप हाम्रै भूमिमा प्रयोग गर्ने वातावरण तयार हुने छ भन्ने महशुस गरेको छु ।

यस गाउँसभाका सभा अध्यक्षज्यू,

खजुराले अंगिकार गरेको **"हाम्रो खजुरा राम्रो खजुरा समुन्नत खजुरा हाम्रो चाहना"** भन्ने मुल नारालाई टेकेर तयार पारेको र यसै सभामा गाउँपालिकाका अध्यक्षज्यूबाट प्रस्तुत गरिएको निति तथा कार्यक्रम, वडा अध्यक्षज्यूहरू, कार्यपालिकाका सदस्यहरू, विज्ञ समुह, हाम्रा कर्मचारीहरूबाट प्राप्त सल्लाह र रचनात्मक सुझावलाई हृदयगमन गर्दै हामीले आ.व. ०७८।०७९ को बजेट तयार पारेका छौ ।

गाउँपालिकाकाले कल्पना गरेको सुविधा सम्पन्न बहुउद्देश्यीय सभा हल, सित भण्डारण लगायतका कार्यहरूलाई यस वर्ष पुरा गर्ने गरि बजेट विनियोजन गरेको छौ । हामीले यसै सभाबाट गाउँपालिको केन्द्रका लागि नेपाल राष्ट्रिय शान्ति प्राथमिक विद्यालयको नाममा भएको जग्गा केन्द्र तयार गरि अन्य भौतिक पूर्वाधार तयार गर्ने गरि गरिएको निर्णय र सिफासिरका आधारमा हाल आएर नेपाल सरकारले खजुरा गाउँपालिकाको केन्द्र परिवर्तन गरेको छ गाउँपालिकाको आवश्यकता अनुसार प्रशासनिक केन्द्रका लागि प्रशासनिक भवनको निर्माण कार्य अगाडि बढाएका छौ कृषि क्याम्पस स्थापना र संचालन ल्याउन सफल रहेका छौ त्यसी गरि हाम्रो पालिका भित्र रहेको २ वटा नमुना विद्यालयहरूको स्तरउन्तीका लागि भौतिक पूर्वाधार तयार गर्ने कार्यहरूलाई विगत वर्ष झै तिब्रता दिएका छौ ।
गाउँपालिकाले वडा कार्यालयलाई उपलब्ध गराएको बजेट सिंलिंग भित्र रही यस चालु आ.व. मा भए गरेका कार्यहरू उल्लेखनिय उपलब्धीको रूपमा रहेको छ ।

खजुरा गाउँपालिकाको आ.व. ०७६।०७७ मा रू. ८०,०७,०९,३६२।२६ आय र रू. ६१,२९,३७,५१९।६६ ब्यय गरि ७६।५५ प्रतिशत यथार्थ आय/ब्यय भएको ब्यहोरा जानकारी गराउन चाहान्छु ।

खजुरा गाउँपालिकाले आ.व. ०७७।०७८ मा चालु तर्फ ५४,२५,९०,५२१।७७ र पुजिगत तर्फ ३३,९४,१३,२५४।९८ गरि रू. ८८,२०,०३,७७६।७५ कुल विनियोजित भएको बजेटमा आषाढ मसान्त सम्म विनियाजित बजेटको ९० प्रतिशत शंसोधिन अनुमान गरिएको छ । जसमा गाउँपालिकाको सम्पूर्ण ध्यान विकासमा केन्द्रित भएको छ ।

सभाका अध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०७८।०७९ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बजेटका उद्देश्यहरू तथा प्राथमिकता प्रस्तुत गर्न चाहान्छु ।

१. कृषि आधुनिकरीकरण र ब्यवसायिकरणमा मार्फत कृषि उत्पादनमा जोडदिने ।
२. कोभिड-१९ को निवारण तथा सो बाट सिंजित समस्या समाधानमा जोड दिने ।
३. कृषिको उत्पादन मार्फत बेरोजगारी समस्या समाधान तथा गरिबी निवारणमा जोड दिने ।
४. आर्थिक विकासमा जोड दिने ।
५. राजश्व श्रोत पहिचान, संकलन र परिचालनमा जोड दिने ।
४. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा जोड दिने ।
५. स्थानिय श्रोत र साधनमा आधारित भई जनसहभागितामा जोड दिने ।
६. लैंगिक समानता सामाजिक समावेशीकरणको अभिवृद्धिमा जोड दिने ।
७. दिगो विकास वातावरण संरक्षण र विपद ब्यवस्थानमा योगदान पुर्‍याउने ।
९. स्थान विशेषको संस्कृति र पहिचान प्रवर्धन गर्ने ।
१०. आधुनिक , ब्यवस्थित र ग्रिन सिटीको विकास गर्ने ।
११. गाउँपालिकालाई शिक्षाको हव क्षेत्रको रूपमा विकास गर्ने ।

बजेटका चुनौतिहरूः

१. सिमित श्रोत साधन हुनु ।
२. जनताको विकास प्रति तिव्र चाहाना ।
३. प्राकृतिक विपत तथा प्रकोप ।
४. भुमिहिन र अब्यवस्थित बसोबास ।
५. तिव्र सहरीकरणको विकास ।
६. खेति योग्य जग्गा भु-खण्डीकरण ।
७. कोभिड-१९ जस्ता महामारी ।

बजेटका सम्भावना ः

१. राजश्वको ब्यापक श्रोतको पहिचान
२. विकासमा जनताको सहभागिता र सहयोग रहनु ।
३. ब्यवसायिक कृषि र पशुपालनमा हुने ।
४. सीप विकास र उधमशिलताको विकास गरि उधमी बनाउनु ।
५. ब्यवसायिक र प्रविधि मैत्री शिक्षामा जोड ।
६. असल अन्तर सरकारी समन्वय ।

सभाका अध्यक्षज्यू,

आ.व. ०७८।०७९ मा संघीय सरकार, प्रदेश सरकार बाट खजुरा गाउँपालिकामा प्राप्त हुने बजेट र आन्तरिक आय देहाय बमोजिमको रकमको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेटको परिधिभित्र रही योजना तथा कार्यक्रम तयार गर्ने गरि जिम्मेवारी तोकिएको थियो ।

## संघीय सरकारबाट

| सि.नं. | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| १. | सर्शत अनुदान | ३१,९८,००,००० |
| २. | समानिकरण अनुदान | १५,९४,००,००० |
| ३. | राजश्व बाडफाँडबाट | ९,८६,५२,००० |
| ४. | विशेष अनुदान | १,५०,००,००० |
| ५. | समपुरक अनुदान | ४२,००,००० |
| | जम्मा | ५९,७०,५२,००० |

## प्रदेश सरकारबाट

| सि.नं. | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| १. | सर्शत अनुदान | २,८५,४४,००० |
| २. | समानिकरण अनुदान | ७५,८५,००० |
| ३. | राजश्व बाडफाँडबाट/सवारी साधन कर | ९२,१३,५२३ |
| ४. | राजश्व बाडफाँडबाट जग्गा रजिष्ट्रेशन | १,९०,००,००० |
| ५. | विशेष अनुदान | ६०,००,००० |
| ६. | समपुरक | १,५०,००,००० |
| | जम्मा | ८,५३,४२,५२३ |

## आन्तरिक श्रोतबाट

| सि.नं. | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| १. | आन्तरिक राजश्व | १,७०,००,००० |
| २. | आ.व. ०७६।०७७ बाट बाँकी हुने रकम अ.ल्या. | ५,९९,४५,४७७ |
| | जम्मा | ७,६९४५,४७७ |
| | **कुल जम्मा** | **७५,९३,४०,०००** |

आ.व. ०७८।०७९ मा रू. **७५,९३,४०,०००** मा संघिय सरकारबाट सर्शत अनुदानको रू. ३१,९८,००,०००।- , विशेष अनुदानबाट रू. १,५०,००,०००।- र को कार्यक्रम प्राप्त भई सकेको छ । त्यसै गरि प्रदेश सरकारबाट सर्शत अनुदानबाट रू. २,८५,४४,०००।- विशेष अनुदानबाट रू. ६०,००,०००।- र को कार्यक्रम प्राप्त भई सकेको छ । यो बाहेकको गा.पा.मा प्राप्त अनुदान र अनुमानित आय रू. **३८,९९,९६,०००।-** मध्ये पुजिगत तर्फ रू. २०,५८,३०,०००।- र चालु खर्च तर्फ १८,४१,६६,०००।- को रकम देहाय बमोजिम कार्यक्रम सहित विनियोजन गरेको छु । उपर्युक्त अनुसारको बजेटलाई देहाय बमोजिम अनुसुचि बमोजिम खर्च गर्ने गरि कार्यक्रम तयार पारिएको छ ।

अनुसुची-१

## कार्यालय संचालन एंव प्रशासनिक खर्च तर्फः

| सि.नं. | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | कर्मचारीको पारिश्रमिक | २५,०००,०००.०० | |
| २ | पोशाक भत्ता | १,०००,०००.०० | |
| ३ | कर्मचारी महंगी भत्ता | १,१००,०००.०० | |
| ४ | कर्मचारी बैठक भत्ता | २००,०००.०० | |
| ५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १००,०००.०० | |
| ६ | पदाधिकारी सुविधा | ८,२१४,०००.०० | |
| ७ | पदाधिकारी बैठक | २,५००,०००.०० | |
| ८ | अन्य भत्ता | २००,०००.०० | |
| ९ | योगदानमा आधारित निवृत्तभिरण | ३५०,०००.०० | |
| १० | कर्मचारी कल्याण कोष | २,०००,०००.०० | |
| ११ | पानी तथा विजुलि | ५००,०००.०० | |
| १२ | संचार महसुल | ४००,०००.०० | |
| १३ | इन्धन पदाधिकारी | ५००,०००.०० | |
| १४ | इन्धन कार्यालय प्रयोजन | ८००,०००.०० | |
| १५ | सवारी साधन मर्मत | १,०००,०००.०० | |
| १६ | विमा तथा नविकरण | ३००,०००.०० | |
| १७ | मेशिनरी तथा औजार मर्मत खर्च | ४००,०००.०० | |
| १८ | मसलन्द तथा कार्यालय सामान | ३,०००,०००.०० | |
| १९ | इन्धन अन्य प्रयोजन | २००,०००.०० | |
| २० | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन | ५००,०००.०० | |
| २१ | अन्य कार्यालय संचालन खर्च | २००,०००.०० | |
| २२ | सेवा परामर्श खर्च | १,०००,०००.०० | |
| २३ | सुचना प्रणालीका लागि सफ्टवेयर संचालन खर्च | ५००,०००.०० | |
| २४ | करार सेवा शुल्क | १८,०००,०००.०० | |
| २५ | फोहरमैला व्यवस्थापन | २५०,०००.०० | |
| २६ | सरसफाई सेवा शुल्क | २५०,०००.०० | |
| २७ | गरिव विपन्नलाई आर्थिक सहयोग | ५००,०००.०० | |
| २८ | रेडियो कार्यक्रम पत्रपत्रिका विज्ञापन | १,५००,०००.०० | |
| २९ | अनुगमन मूल्यांन खर्च | ६००,०००.०० | |
| ३० | भ्रमण खर्च | १००,०००.०० | |
| ३१ | प्रतिनिधी मण्डलको भ्रमण खर्च | १,०००,०००.०० | |
| ३२ | अन्य भ्रमण खर्च | २००,०००.०० | |
| ३३ | विविध खर्च | २,०००,०००.०० | |
| ३४ | धार्मिक तथा सांस्कृतिक सहायता | ५००,०००.०० | |
| ३५ | अन्य सेवा शुल्क | ५००,०००.०० | |
| ३६ | घर भाडा | ७००,०००.०० | |

| | | | |
|---|---|---|---|
| ३७ | सवारी साधन तथा मेशीनरी औजार भाडा | ३००,०००.०० | |
| ३८ | सभा संचालन खर्च | १,०००,०००.०० | |
| ३९ | अन्य सहायता | ५००,०००.०० | |
| ४० | स्थानीय तहको खाद्य तथा पोषण सुरक्षा योजना | ५००,०००.०० | |
| ४१ | मधेशी मुस्लीम छात्राहरूलाई छात्रवृत्ति कार्यक्रम | ३००,०००.०० | |
| ४२ | छोरी बुहारीछात्रवृत्ति कार्यक्रम | १,०००,०००.०० | |
| | जम्माः | ७९,६६४,०००.०० | |

## अनुसुची-२

## कार्यालय संचालनका लागि पुजिगत खर्चः

| सि.नं. | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | फर्निचर तथा फिक्चर खरिद | ५००,०००.०० | |
| २ | मेशिनरी औजार खरिद | ५००,०००.०० | |
| | जम्मा | १,०००,०००.०० | |

## अनुसुची-३

## चालु भित्रका कार्यक्रम खर्च

| | | |
|---|---|---|
| १ | कार्यविधि, ऐन नियम कानुन निर्माण खर्च | ५००,०००.०० |
| २ | लक्षीत वर्ग कार्यक्रम दलित/जनजाती/अपांग/मुस्लिम | ३,०००,०००.०० |
| ३ | युवा लक्षित कार्यक्रम | १,०००,०००.०० |
| ४ | लागुपदार्थ नियन्त्रण कार्यक्रम | ५००,०००.०० |
| ५ | कर्मचारी खाजा/इनधन वापत सहुलियत | १,३००,०००.०० |
| ६ | गरिव असहायको लागि स्वास्थ्य विमा | ५००,०००.०० |
| ७ | विपद व्यवस्थापन खर्च | १०,०००,०००.०० |
| ८ | सुचना प्रविधि व्यवस्थापन | १,०००,०००.०० |
| ९ | शुसासन अभिमुखिकरण/सामाजिक परिक्षण | ५००,०००.०० |
| १० | कर्मचारी तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम | ३००,०००.०० |
| ११ | वडा संचालन खर्च | १,०००,०००.०० |
| १२ | न्यायिक समिति खर्च | १,५००,०००.०० |
| १३ | जनता संग स्थानिय सरकार | ५,०००,०००.०० |
| १४ | प्रादेशिक विश्व विद्यालय तयारी र व्यवस्थापन | १,०००,०००.०० |
| १५ | खेलकुद विकास कार्यक्रम | १,५००,०००.०० |
| १६ | अव्यवस्थित भूमि व्यवस्थापन कार्याक्रम | ५,५००,०००.०० |
| १७ | जनता संगको स्थानिय सरकारलाई टेलिभिजन प्रशारण | ५५०,०००.०० |
| १८ | साझेदारी कृषि विकास कार्यक्रम | १३,३००,०००.०० |
| १९ | वडा नं.१ किरणनाला लिफ्ट सिंचाई | १,०००,०००.०० |
| २० | रोजगार सेवा केन्द्रका लागि हाते सामाग्री खरिद तथा मर्मत | १५०,०००.०० |
| २१ | उपाध्यक्ष संग महिला कार्यक्रम | ५०००००.०० |
| | जम्माः | ४९,६००,०००.०० |

# अनुसुचि-४

## पुजिगत भित्र कार्यक्रम खर्चः

| | | | |
|---|---|---|---|
| १ | ६ नं. वडा कार्यालयको अधुरो भवन निर्माण | ३,०००,०००.०० | |
| २ | ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पस व्यवस्थापन | १,०००,०००.०० | |
| ३ | कृषि क्याम्पस व्यवस्थापन | १,०००,०००.०० | |
| ४ | लागत सहभागिता कार्यक्रम | ३,०००,०००.०० | |
| ५ | सडक बत्ती | ३,०००,०००.०० | |
| ६ | गा.पा. भित्र खानेपानी मर्मत सम्भार | ५००,०००.०० | |
| ७ | ह्युमपाइप खरिद | २,०००,०००.०० | |
| ८ | विद्युत तार तोल खरिद | १,०००,०००.०० | |
| ९ | गा.पा. भित्रका पूर्वाधार निर्माण सुधार | ५,०००,०००.०० | |
| १० | खजुरा ब्याटमिन्टीन | १,५००,०००.०० | |
| ११ | पूजिगत अनुसन्धान तथा परामर्श | ५००,०००.०० | |
| १२ | सम्पूर्ण वडा कार्यालयहरूको योजनाको लागि | ४८,०००,०००.०० | |
| १३ | तराई मधेश समृद्धि कार्यक्रममा लागत साझेदारी | ५००,०००.०० | |
| १४ | संघिय समपुरक योजना | ४,२००,०००.०० | |
| १५ | प्रदेश समपुरक योजनाका लागि | १५,०००,०००.०० | |
| १६ | भैपरी आउने विविध कार्यक्रम | १०,०००,०००.०० | |
| १७ | वडा नं.४ मण्डारीया सिंचाई बाध मर्मत सम्भार | १,५००,०००.०० | |
| १८ | सित भण्डार निर्माण | ३०,०००,०००.०० | |
| १९ | प्रशासनिक भवन निर्माण | ३०,०००,०००.०० | |
| २० | बहुउद्देश्यिय सभा हल निर्माण | २०,०००,०००.०० | |
| २१ | वडा नं.४ वडा कार्यालय भवन | ४,५००,०००.०० | |
| २२ | क गाउँ देखि ज्ञानोदय स्कुल जोड्ने अधुरो बाटो स्तरउन्नती | १,५००,०००.०० | |
| २३ | वडा नं.७ वडा कार्यालय देखि बर्गदी हुँदै मंगलपुर जाने बाटो स्तरउन्नती | ५,०००,०००.०० | |
| २४ | खजुरा बजार भित्रको भित्री सडक स्तरउन्नती | ३,०००,०००.०० | |
| २५ | वडा नं.५ बसन्तपुर पारसको घर देखि पिपलबोट जाने बाटो स्तरिय ग्राभेल | १,०००,०००.०० | |
| २६ | खजुरा गा.पा. वडा नं.३ लक्ष्मीनारायण टोल कालोपत्रे | १,५००,०००.०० | |
| २७ | खजुरा क्यापसबाट पूर्व जाने बाटो स्तरिय ग्राभेल | २००,०००.०० | |
| २८ | खानेपानी धार वितरण कार्यक्रम पालिका भित्र | १,५००,०००.०० | |
| २९ | वडा नं.८ छोगडिपुर अमर के.सीको घर देखि खले खड्काको घर सम्म कालोपत्रे | १,०००,०००.०० | |
| ३० | पालिका भरिको मठ मन्दिर मस्जिद संरक्षण सम्वर्धन | २,०००,०००.०० | |
| ३१ | रनियापुर वडा नं.८ आधार अहिरको घर देखि कब्रस्थान जाने सडक स्तरीय ग्राभेल | ३३०,०००.०० | |
| ३१ | वडा नं.३ शान्तिटोल वि गाउँ १५ नं. देखि पूर्वलाइन | २००,०००.०० | |
| ३२ | नेपाल रेडक्रस सोसाइटी बागेशवरी शाखा भवन निर्माण | १,०००,०००.०० | |
| ३३ | वडा नं.२ ८७ नं. चोक देखि पश्चिम गौघाट बर्मेलीटोल जाने बाटो स्तरउन्नती | १,०००,०००.०० | |
| ३४ | ईलाका प्रहरी कार्यालय धनौली कम्पाउण्डवाल निर्माण | ४००,०००.०० | |
| | जम्मा | २०४,८३०,०००.०० | |

सभा अध्यक्ष महोदय,

अव म विषयगत शाखालाई विनियोजन गरेको बजेट पेश गर्ने अनुमति चाहान्छु ।

**क) कार्यालय तर्फका विषयगत शाखाहरू तर्फ :**

| | विषयगत  शाखा तर्फ कार्यक्रमहरू | | |
|---|---|---|---|
| १ | पशु शाखा | ४,३००,०००.०० | |
| २ | कृषि शाखा | १०,०००,०००.०० | |
| ३ | स्वास्थ्य शाखा | ८,१०२,०००.०० | |
| ४ | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | १,०००,०००.०० | |
| ५ | शिक्षा, युवा तथा खेलकुद शाखा तर्फ | २७,५००,०००.०० | |
| ६ | लघु उद्यम तर्फ | १,०००,०००.०० | |
| ७ | सहकारी तर्फ | २,०००,०००.०० | |
| ८ | नागरिक आरोग्य सेवा केन्द्र | १,०००,०००.०० | |
| | जम्मा | ५४,९०२,०००.०० | |

सभाका अध्यक्ष महोदय,

अव म माथि विनियोजन गरेको रू. ४ करोड ८० लाख भित्रका वडास्तरीय योजना तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहान्छु ।

वडा नं.१

| सि.नं. | योजना | स्थान | रकम |
|---|---|---|---|
| १ | बाटो स्तरउन्नती | साविक राधापुर वडा नं.३ बेलडाँडाको भारत सिमाना देखि उत्तर जाने बाटो | ५२२९००० |
| २ | वाईफाई जडान | साविका राधापुर वडा नं.१ देखि ६ सम्मका विभिन्न टोलहरूमा | ६००००० |
| ३ | टकिंग टिचर बुक खरिद | मैटहवा मा.वि.को लागि टकिंग टिचर बुक खरिद | १७१००० |
| | जम्मा | | ६०००००० |

**वडा नं.२**

| सि.नं. | योजना | स्थान | रकम |
|---|---|---|---|
| **क** | | **भौतिक पुर्वाधार विकास कार्यक्रम** | |
| १ | बाटो स्तरउन्नती | तुलसा खरेलको घर देखि पश्चिम जाने बाटो स्तरउन्नती | ७००,०००.०० |
| २ | बाटो स्तरउन्नती | पुस्कर खत्रीको घरदेखि पुर्व जाने बाटो | ३००,०००.०० |
| ३ | बाटो स्तरउन्नती | भुवन गैरेको घर जाने बाटो | २००,०००.०० |
| ४ | बाटो स्तरउन्नती | भिम बहादुर चन्दको घर देखि पश्चिम जाने बाटो | ३००,०००.०० |
| ५ | बाटो स्तरउन्नती | सि गाउँ ७५ नं. देखि पश्चिम धौलागिरी जाने बाटो | ५००,०००.०० |
| ६ | बाटो स्तरउन्नती | श्री ने.रा.प्रा.वि.गुराँसपुर पुर्वको बाटो | १५०,०००.०० |
| ७ | बाटो स्तरउन्नती | कोसेली बाख्रा पालन फार्म जाने बाटो | ५००,०००.०० |
| ८ | बाटो स्तरउन्नती | विभिन्न बाटाहरू मर्मत सम्भार योजना | १,०००,०००.०० |
| ९ | बाटो स्तरउन्नती | ए गाउँ २५ नं. चौक देखि उत्तर जाने बाटो | ३००,०००.०० |
| **ख.** | | **सामाजिक विकास** | |
| १ | खा.पा तथा सरसफाई | खानेपानी, सरसफाई तथा फोहर ब्यवस्थापन सम्बन्धी विविध कार्यक्रम | २००,०००.०० |
| २ | शिक्षा/खेलकुद | शिक्षा तथा खेलकुद विकास कार्यक्रम | ५००,०००.०० |
| ३ | जेष्ठनागरिक | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ५०,०००.०० |
| ४ | अपांगता समुह | अपांगता भएका ब्यक्तिलाई सहायक सामाग्री वितरण | १४५,०००.०० |
| ५ | म.स्वा.स्वय.सेविका | महिला स्वा.स्व.सेविका साइकल वितरण कार्यक्रम | १५०,०००.०० |
| ६ | शिक्षा | सामुखायिक १-५ विद्यालयलाई अंग्रेजी टगिंग टिचर पाठ्यपुस्तक वितरण | १०५,०००.०० |
| ७ | शिक्षा | श्री योगीनी मा.वि. गौघाट गेट निर्माण | १५०,०००.०० |
| **ग** | | **आर्थिक विकास** | |
| १ | कृषि | साझेदारीमा आधारित कृषि अनुदान कार्यक्रम | ४००,०००.०० |
| **घ** | | संस्थागत विकास क्षमता अभिवृद्धि तथा सुशासन | |
| १ | सुचना प्रवाह | पत्रपत्रिका सुचना प्रवाह तथा छपाई | १५०,०००.०० |
| २ | विविध | कार्यालय सामान तथा विविध खर्च | २००,०००.०० |
| | जम्मा | | ६,०००,०००.०० |

**वडा नं.३**

| सि.नं. | योजना | स्थान | रकम |
|---|---|---|---|
| **क** | | **भौतिक पुर्वाधार विकास कार्यक्रम** | |
| १ | पक्की बाटो | गुलरिया सडक खण्डको दक्षिण वडा कार्यालय जोड्ने बाटो | १,२००,०००.०० |
| २ | पक्की बाटो | रमेश सिंजालीको घर देखि दिपक बोर्डिग स्कुल जाने बाटो | १,२००,०००.०० |
| ३ | माटो पटान तथा ग्राभेल | वि गाउँ ३० नं. देखि पुर्व पेडारी नालासम्म | ५००,०००.०० |
| ४ | माटो पटान तथा ग्राभेल | देवकोटाको घर देदेखि दक्षिण मेघनाथ न्यौपानेको घर हुँदै नारी उत्थान जोड्ने बाटो | ५००,०००.०० |
| ५ | माटो पटान तथा ग्राभेल | हरि प्रसादको घर देखि पुर्व अनिता कार्किको घर सम्म र होम बहादुर पौडेलको घर देखि पुर्व पेडारी नालासम्म | ६००,०००.०० |
| ६ | माटो पटान तथा ग्राभेल | विमला थापाको घर देखि दक्षिण अनिता कार्किको घर सम्म र बसन्त सुवेदीको घर देखि चन्द्रहमालको घर सम्म | ५००,०००.०० |
| ७ | मर्मत | वडा नं.३ का विभिन्न स्थान | ६००,०००.०० |
| **ख.** | | **सामाजिक विकास** | |
| १ | नागरिक आरोग्य केन्द्र | वडा नं. ३ नागरिक आरोग्य केन्द्र व्यवस्थापन | ५०,०००.०० |
| २ | खानेपानी | जनता मा.वि. सन्तकुटी | ४००,०००.०० |
| ३ | जेष्ठ नागरिक सम्मान | जेष्ठ नागरिक सम्मान कार्यक्रम | २५०,०००.०० |
| **ग** | | **संस्थागत विकास क्षमता अभिवृद्धि तथा सुशासन** | |
| १ | विविध | कार्यालय सामान तथा विविध खर्च | २००,०००.०० |
| | जम्मा | | ६,०००,०००.०० |

**वडा नं.४**

| सि.नं. | योजना | स्थान | रकम |
|---|---|---|---|
| **क** | | **भौतिक पुर्वाधार विकास कार्यक्रम** | |
| १ | माटो पटान तथा ग्राभेल | बुद्धपुर किरण भवानी मन्दिर देखि तल बाटो | १,२००,०००.०० |
| २ | माटो पटान तथा ग्राभेल | ई गाउँ पदम चौक देखि पश्चिम वर्षिम टोल जाने बाटो | ८००,०००.०० |
| ३ | माटो पटान तथा ग्राभेल | समुवा गाउँ अधुरो बाटो | ७००,०००.०० |

| | | | |
|---|---|---|---|
| ४ | बाटो स्तरउन्नती | ई गाउँ रिहार देखि पुर्व लाइन बाटो स्तरउन्नती | ५००,०००.०० |
| ५ | मर्मत | वडा नं.४ अन्तर्गत बाटो मर्मत सम्भार | ७००,०००.०० |
| ६ | विद्युत पोल | वडा नं.४ भित्र विद्युत पोल तथा विद्युत मर्मत | २५०,०००.०० |
| **ख.** | | **सामाजिक विकास** | |
| १ | खेलकुद | खेलकुद गतिविधि संचालन | ५००,०००.०० |
| २ | शिक्षा | जनकल्याण मा.वि.लाई शैक्षिक सिक्षा स्तरउन्नती | २५०,०००.०० |
| ३ | म.स्वा.स्वयसेविका | महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाई साइकल अनुदान | २००,०००.०० |
| ४ | बालविवाह न्युनीकरण | बालवालिका किशोरी क्लावलाई बाल विवाह एंव महिला हिंसा न्युनिकरण विरूद्धको कार्यक्रम | ५०,०००.०० |
| ५ | टकिंग टिचर बुक खरिद | सामुदायिक विद्यालयमा १ देखि ५ सम्मका बालवालिकाहरूलाई आधुनिक प्रविधिद्धारा अंग्रजी भाष सिकाई पाठ्यक्रम संचालन | ३००,०००.०० |
| ६ | मर्मत तथा सामाग्री खरिद | गुड न्युज चर्च बुद्धपुरमा मर्मत तथा आवश्यक सामाग्रहीहरू खरिद जडान | १००,०००.०० |
| **ग** | | **आर्थिक विकास** | |
| १ | युवा उद्यमी | कृषि तथा पशुपालन उद्यमी युवा युवतीहरूलाई साझेदारी कार्यक्रम | ३००,०००.०० |
| २ | सुचना प्रभाव | जनचेतना मुलक सुचना प्रवाह | १००,०००.०० |
| ३ | मर्मत | बुद्धपुर डिप बोडिंग मर्मत सन्चालन | ५०,०००.०० |
| | | **जम्मा** | ६,०००,०००.०० |

## वडा नं.५

| सि.नं. | योजना | स्थान | रकम |
|---|---|---|---|
| **क** | | **भौतिक पुर्वाधार विकास कार्यक्रम** | |
| १ | माटो पटान तथा ग्राभेल | जुगुनिया जगन्नाथ गौतमको घर अगाडि मन्दिर देखि खजुरा गा.पा. वडा नं.२ गौघाट जाने बाटो | १,०००,०००.०० |
| २ | पक्की नाली निर्माण | फारूक खाँको घर देखि भानु मा.वि. सडक | ८००,०००.०० |
| ३ | सडक पि.सि.सी. | सुख्खा पासीको घर देखि गोपाल पासीको गोठ सम्म | ५००,०००.०० |
| ४ | माटो पटान तथा ग्राभेल | मिश्रीलालको दोकान देखि उत्तर मोलेहे अहिरको घर हुँदै सितारामको घर सम्मको बसन्तापुर सडक | ३००,०००.०० |
| ५ | माटो पटान तथा ग्राभेल | कोइली खाँको खेत देखि ईरफानको घर सम्म | ३००,०००.०० |
| ६ | माटो पटान तथा ग्राभेल | राम धिरजको घर देखि ओमको घर सम्म | ३००,०००.०० |
| ७ | माटो पटान तथा ग्राभेल | बाउरको घर देखि उत्तर जाने रजनवाको सडक | २००,०००.०० |
| ८ | सडक ग्रावेल | धन बहादुरको घर देखि राई टोल जोड्ने सडक | २००,०००.०० |

| | | | |
|---|---|---|---|
| ९ | माटो पटान तथा ग्राभेल | दरसथ अहिरको घर देखि उत्तर जाने रजनावा सडक | २००,०००.०० |
| १० | माटो पटान तथा ग्राभेल | माधेको घर देखि उत्तर जाने मर्नानपुर सडक | १००,०००.०० |
| ११ | ग्राविल खरिद | खजुरा गा.पा. वडा नं.५ को आवश्यक सडक | ५००,०००.०० |
| १२ | खानेपानी धारा खरिद | वडा नं.५ को आवश्यक गाउँटोल | ३००,०००.०० |
| १३ | ह्युमपाइप खरिद | वडा नं.५ को आवश्यक सडकमा | २००,०००.०० |
| १४ | सडक पि.सि.सी. | बुडवा कुवा देखि हुलाकी गौघाट जोड्ने सडक | ५००,०००.०० |
| **ख.** | | **सामाजिक विकास** | |
| १ | खोपकेन्द्र ममैत तथा फर्निचर | खोप केन्द्र रजनवा | १००,०००.०० |
| २ | जेष्ठ नागरिक सम्माान | खजुरा गा.पा. वडा नं.५ | २००,०००.०० |
| ३ | जिवनयापन सामाग्री वितरण | अपांग कार्यक्रम | १००,०००.०० |
| ४ | बालबालिका | खजुरा वडा नं.५ घटना दर्ता कार्यक्रम | १००,०००.०० |
| ५ | क्षमता विकास | युवा कार्यक्रम | १००,०००.०० |
| | | **जम्मा** | ६०,००,०००.०० |

वडा नं.६

| सि.नं. | योजना | स्थान | रकम |
|---|---|---|---|
| **क** | | **भौतिक पुर्वाधार विकास कार्यक्रम** | |
| १ | माटो पटान तथा ग्राभेल | पुरैना एलानीको सल्यानी टोल जोडने बाटो | १००,०००.०० |
| २ | माटो पटान तथा ग्राभेल | झापु नेपालीको घर देखि सामुदायिक वन जोड्ने बाटो | २००,०००.०० |
| ३ | माटो पटान तथा ग्राभेल | बाल विकास केन्द्र देखि दशब विगाह हुँदै सामुदायिक वन जोड्ने बाटो | २००,०००.०० |
| ४ | कलवर्ट निर्माण | दश विगाहा र आठ विगाहामा | ५००,०००.०० |
| ५ | ह्युमपाइप र ग्राभेल | जानकी कुलालको घर देखि काली बहादुरको घर हुँदै शेर बहादुर बोहोराको घर सम्म | ३००,०००.०० |
| ६ | माटो पटान तथा ग्राभेल | रत्न परियारको घर देखि याम बहादुर रानाको घर हुँदै पिपल चौतारा सम्म | ३००,०००.०० |
| ७ | माटो पटान तथा ग्राभेल | फिल्ड देखि चुना गौतमको घर हुँदै नैन सिंह खड्को घर सम्म | २५०,०००.०० |
| ८ | माटो पटान तथा ग्राभेल | पदम बहादुर बुढाको घर देखि राकेश तामांगको घर हुदै राज कुमारी सुनारको घर सम्म | ३००,०००.०० |

| | | | |
|---|---|---|---|
| ९ | माटो पटान तथा ग्राभेल | राजाराम थारूको घर देखि बेचन थारूको गोठ सम्म | १००,०००.०० |
| १० | खोप केन्द्र मर्मत | खोप केन्द्र मर्मत जनकल्यान नजिकै | २०,०००.०० |
| ११ | खानेपानी विस्तार/ममैत | खानेपानी उपभोक्ता समुह जनसेवा माटो पटान र लाइन विस्तार | २००,०००.०० |
| १२ | माटो पटान तथा ग्राभेल | कृष्ण परियारको घर देखि जनसेवा जोड्ने बाटोमा माटो पटान र ग्राभेल | १५०,०००.०० |
| १३ | बाटो मर्मत | नयाँ गिजरामा बाटो मर्मत | ८०,०००.०० |
| १४ | बाटो मर्मत | गिजरा नन्कैको घर देखि काठको पुल सम्म | ५०,०००.०० |
| १५ | बाटो मर्मत | हुलाकी सडक देखि फिल्ड जोड्ने बाटो | ५०,०००.०० |
| १६ | बाटो मर्मत | मनोज खड्काको घर देखि मानखोला जोड्ने बाटो मर्मत | १००,०००.०० |
| १७ | बाटो आर.सि.सि. | लड्डन खाँको घर देखि बाहुर साईको घर सम्मको बाटो | ५००,०००.०० |
| १८ | पक्की नाली | हसिव दर्जीको घर देखि हम्जद अलीको घर सम्म | १,८५०,०००.०० |
| १९ | माटो पटान | गुलसने नरी फिल्डमा माटो पटान | ५०,०००.०० |
| **ख.** | | **सामाजिक विकास** | |
| १ | शिक्षा | भानु मा.वि.मा अंग्रेजी भाषमा दक्ष शिक्षकबाट पाठ्यक्रम सिकाई कापी कलम वितरण | २००,०००.०० |
| २ | जेष्ठ नागरिक सम्मा | जेष्ठनागरिक सम्मान कार्यक्रम | १५०,०००.०० |
| ३ | सडक विद्युत | सिमलघारी चौक देखि वली चौक सम्मको बाटोमा विद्युत पोल जडान | ७५,०००.०० |
| ४ | सडक विद्युत | भट्टी टोल देखि अम्जदको घर सम्म सडक विद्युत पोल | १००,०००.०० |
| ५ | धार्मिक तथा सांस्कृतीक कार्यक्रम | सार्वजनिक सांस्कृतिक प्रवर्दद्ध कार्यक्रम | १००,०००.०० |
| **ग** | **संस्थागत विकास, क्षमता अभिवृद्धि तथा सुशासन** | | |
| १ | वडा व्यवस्थापन | कार्यालय संचालन खर्च | ७५,०००.०० |

वडा नं.७

| सि.नं. | योजना | स्थान | रकम |
|---|---|---|---|
| **क** | | **भौतिक पुर्वाधार विकास कार्यक्रम** | |
| १ | पक्की पुल निर्माण | बठवा मुन्सरीफ दर्जीको घर नजिक गठ्डघैचा नालामा | २,०००,०००.०० |
| २ | खानेपानी फिल्टर खरिद | खजुरा वडा नं.७ का विद्यालयका लागि | ३००,०००.०० |
| ३ | पर्खाल,गेट निर्माण रंगरोगन र फर्निचर खरिद | वडा नं.७ को वडा कार्यालय भवन | ५००,०००.०० |
| ४ | खानेपानी धारा खरिद | वडा नं.७ अन्तर्गत | ३००,०००.०० |
| ५ | विद्युत पोल र तार खरिद | वडा नं.७ अन्तर्गत | ५००,०००.०० |
| ६ | मन्दिर मर्मत सम्भार | वडा नं.७ सिन्दुरीमाई मन्दिर मर्मत सम्भार | ३००,०००.०० |
| ७ | मन्दिर मर्मत सम्भार | वडा नं.७ सोनवर्ष रामजाकी मन्दिर मर्मत सम्भार | ३००,०००.०० |
| ८ | माटो पटान तथा ग्राभेल | क्यान्सर अस्पतालको गेट देखि पुर्व मनकामनापुर सडकमा जोड्ने बाटो | २००,०००.०० |
| ९ | मस्जित मर्मत | वडा नं.७ प्रतिक्षालय नजिकको रजाजामा मस्जीदमा प्लास्टर गर्ने | २००,०००.०० |
| १० | विविध कार्यक्रम/मर्मत | खजुरा गा.पा. वडा नं.७ अन्तर्गतको विविध कार्यक्रम र विभिन्न बाटाहरुमा भैपरि मर्मत | ७००,०००.०० |
| **ख.** | | **सामाजिक विकास** | |
| १ | असहायक सहायता | वडा नं.७ अति विपन्न विरामीहरुलाई सहयोग | १००,०००.०० |
| २ | स्वास्थ्य उपकरण खरिद | सोनपुर स्वास्थ्य चौकीको लागि भिडियो एक्सरे उपकरण खरिद | ६००,०००.०० |
| | | **जम्मा** | **६,०००,०००.००** |

वडा नं.८

| सि.नं. | योजना | स्थान | रकम |
|---|---|---|---|
| **क** | | **भौतिक पुर्वाधार विकास कार्यक्रम** | |
| १ | माटो पटान तथा ग्राभेल | छगौडेपुर | ४००,०००.०० |
| २ | बाटो मर्मत तथा ग्रावेल | वडाका विभिन्न स्थान | ५००,०००.०० |
| ३ | बाटो स्तरउन्नती | घिया गाउँ भित्र | ४००,०००.०० |
| ४ | बाटो स्तरउन्नती | क्रान्तिपुर | ३५०,०००.०० |
| ५ | बाटो स्तरउन्नती | दंगालिपुर देखि नयाँ बस्ति जाने बाटो | ४००,०००.०० |
| ६ | बाटो स्तरउन्नती | वडा नं.८ | २००,०००.०० |
| ७ | विद्युत पोल तार खरिद | वडाका विभिन्न स्थान | ५००,०००.०० |

| | | | |
|---|---|---|---|
| ८ | ह्युमपाइप खरिद | वडाका विभिन्न स्थान | २००,०००.०० |
| ९ | कब्रस्तान तथा मसानघाट मर्मत सम्भार | वडा नं.८ विभिन्न स्थान | १००,०००.०० |
| १० | शौचाय निर्माण | घिहा मस्जिद | २००,०००.०० |
| ११ | बाटो स्तरउन्नती | झोथु खाँको घर देखि चमारन टोल जाने बाटो | ३००,०००.०० |
| १२ | बाटो स्तरउन्नती | ठाकुरपुर | ४००,०००.०० |
| १३ | बाटो स्तरउन्नती | तल्लो ठाकुरपुर | १००,०००.०० |
| १४ | इदगाहा निर्माणन | वडा नं.८ | २००,०००.०० |
| १५ | खेल मैदान मर्मत | वडा नं. ८ | ५०,०००.०० |
| **ख.** | | **सामाजिक विकास** | |
| १ | खेलकुद कार्यक्रम संचालन | वडा नं.८ | १००,०००.०० |
| २ | जेष्ठ, विधवा, एकल तथा अपांग नागरिक सम्मान कार्यक्रम | वडा नं.८ | ३५०,०००.०० |
| ३ | खानेपानी धारा वितरण | वडा नं.८ | ४५०,०००.०० |
| ४ | सुत्केरीलाई झुल वितरण कार्यक्रम | वडा नं.८ | ५०,०००.०० |
| ५ | कृषि सामाग्री वितरण कार्यक्रम | वडा नं.८ | १००,०००.०० |
| ६ | महिला क्षमता विकास कार्यक्रम | वडा नं.८ | ५०,०००.०० |
| ७ | स्वास्थ्य स्वंमसेविका प्रोत्साहन कार्यक्रम | वडा नं.८ | २५,०००.०० |
| ८ | मधेशी तथा मुस्लीम बालीका शिक्षा कार्यक्रम | वडा नं.८ | १००,०००.०० |
| ९ | विद्यार्थीलाई शैक्षिक सामाग्रि वितरण | वडा नं.८ | १५०,०००.०० |
| १० | गरिब तथा विपन्नलाई औषधि उपचार तथा आर्थिक सहयोग | वडा नं.८ | २५,०००.०० |
| **ग** | **संस्थागत विकास, क्षमता अभिवृद्धि तथा सुशासन** | | |
| १ | वडा व्यवस्थापन | वडा कार्यालय व्यवस्थापन सामाग्रि खरिद तथा विविध | २००,०००.०० |
| २ | रनियापुर स्वा.चौकी | स्वास्थ्य चौकी मर्मत, व्यवस्थापन तथा विविध | ५०,०००.०० |
| ३ | संचार | रेडियो कार्यक्रम तथा विज्ञापन | २५,०००.०० |
| ४ | शिक्षा | पशुपति मा.वि. घिहा विद्यालय व्यवस्थापन तथा सामाग्रि खरिद | २५,०००.०० |
| | | **जम्मा** | ६,०००,०००.०० |

**सभाका अध्यक्ष महोदय,**

**अव म माथि विनियोजन गरेको गाउँपालिकाको शाखा भित्रका योजना तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहान्छु ।**

**कृषि शाखा तर्फको पालिका स्तरीय योजनाहरूः**

| क्र स | विवरण | बजेट | कैफियत |
|---|---|---|---|
| १ | कोभिडबाट मृत्यु भएका परिवारहरुलाई आयमुलक कृषि/पशु कार्यक्रम | १२००००० | युवा स्वरोजगार जस्तै (वढिमा ३००००) |
| २ | वडा स्तारिय बालि पकेट कार्यक्रम | ८००००० | वढिमा 50000 |
| ३ | १ वडा १ नमुना फर्म | ४००००० | बढिमा 40000, बाकि विषेषज्ञ सेवा |
| ४ | ५० % अनुदानमा यान्त्रिकरण तथा कृषि सामाग्री वितरण (मागमा आधारित) | ३०५०००० | |
| ५ | 50% अनुदानमा फलफुल बिरुवा बितरण कार्यकरम | ५०००० | |
| ६ | अनुदानमा साना सिचाई वितरण कार्यक्रम | १२००००० | 15000-35000 |
| ७ | कृषक भ्रमण | ५००००० | |
| ८ | किसान सुचिकरण कार्यक्रम संचालन | ५००००० | |
| ९ | वडा स्तरिय कृषक संजाल सञ्चालन | ८०००० | |
| १० | नविनतम कृषि प्रविधि सम्बन्धि २ दिने तालिम (3 पटक) | १५०००० | |
| ११ | जैविक विषादि प्रर्वधन कार्यक्रम २ दिने तालिम (2 पटक) | १५०००० | (सामाग्रि सहित) |
| १२ | स्थलगत घुम्ति तालिम १ दिने | १००००० | आवश्य अनुसार 2-3 पटक |
| १३ | ५०% अनुदानमा बिउ कार्यक्रम(तरकारी तथा च्याउ) | ४००००० | |
| १४ | आकस्मिक बालि संरक्षण सेवा | ५०००० | |
| १५ | बिमा सम्बन्धि अभिमुखिकरण | ५०००० | |
| १६ | बालि उपचार शिविर | १२०००० | |
| १७ | सुचना,सन्देश,प्रकाशन,संचार | १५०००० | |
| १८ | धान दिवश | ४५००० | |
| १९ | बढि अन्न उत्पादन प्रतियोगिता | २००००० | |
| २० | उत्कृष्ट कृषकहरुलाई पुरस्कृत कार्यक्रम | ४०००० | |
| २१ | कार्यक्रम अनुगमन ,मुल्याङ्कन ,भ्रमण खर्च | २५०००० | |
| २२ | इन्धन तथा सवारी साधन मर्मत | १२०००० | |
| २३ | कार्यालय परिसर भित्र नमुना प्रर्दशन स्थल व्यवस्थापन खर्च | ८०००० | |
| २४ | पालिका स्तर सार्वजनिकरण कार्यक्रम | ४०००० | |
| २५ | ल्यापटप तथा फोटोकपि मेसिन खरिद | ११५००० | |
| २६ | कार्यालय संचालन खर्च (विविध) | ६०००० | |
| २७ | कार्यालय संचालन खर्च (आवश्यक सामाग्री) | ६०००० | |
| २८ | ओ.जे.टि परिचालन खर्च | ४०००० | |
| | जम्मा रकम | १००००००० | |

| | | | |
|---|---|---|---|
| ३१ | कृषक सहभागि | ३०५०००० | |
| | जम्मा | १३०५०००० | |

**पशु सेवा शाखाको पालिका स्तरीय योजनाः**

| सि.नं. | मुख्य कियाकलाप | बजेट |
|---|---|---|
| १ | साइलेज उत्पादन तालिम | ५०,०००.०० |
| ४ | बाँझोपन नियन्त्रण पशु स्वास्थ्य शिविर | ९०,०००.०० |
| ५ | Cow mat खरिद ढुवानी तथा वितरण | ३००,०००.०० |
| ६ | एक वडा एक पकेट पशु/पंक्षी/मत्स्य कार्यक्रम | १,६००,०००.०० |
| ७ | डिस्पेन्सरी संचालनका लागि औषधी खरिद | ४५०,०००.०० |
| १० | खोप व्यवस्थापन तथा परजिवि नियन्त्रण शिविर | ६००,०००.०० |
| १२ | हिउँदे घाँसको विउ वितरण | २५०,०००.०० |
| १४ | कृत्रिम गर्भाधान कार्यक्रम | ९०,०००.०० |
| १५ | वर्षे घाँसको विउ तथा वेर्ना वितरणन | १८५,०००.०० |
| १६ | हाते चारा मेसिन (विद्युतीय मेसिन) वितरण | ३००,०००.०० |
| १७ | व्यवसायिक पशु पंक्षी तालिम | १५०,०००.०० |
| २२ | पालिका स्तरयी पशुपंक्षी तथ्यांक अध्यावधि कार्यक्रम | ४०,०००.०० |
| २३ | कार्यालय आवश्यक सामन खरिद | ५०,०००.०० |
| २४ | इन्धन व्यवस्था | ४५,०००.०० |
| २५ | सवारी मर्मत सम्भार | १५,०००.०० |
| २६ | अनुगमन तथा मुल्यांकन | ४५,०००.०० |
| २८ | कार्यालय विद्युत/पानी महसुल तथा संचार | ४०,०००.०० |
| | जम्मा | ४,३००,०००.०० |

**शिक्षा युवा तथा खेलकुद शाखाः**

| क्र स | वजेट शिर्षक | वजेट रकम | भौतिक लक्ष्य | कार्यक्रम कार्यान्वयनकार्यविधि |
|---|---|---|---|---|
| १ | वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरणका लागि सूचना सञ्चार प्रविधिको क्षमता विकास | ५००००० | ३२९ जना | सबै सामुदायिक र संस्थागत विद्यालयका प्रअ तथा शिक्षकलाइ सुचना सञ्चार प्रविधिको बारे क्षमता विकास गराउने |

| | | | | |
|---|---|---|---|---|
| २ | आधारभूतह निशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयनका लागि सामुदायिक विद्यालयलाई वत्ती/पानी/मसलन्द/खेल कुद र परीक्षा संचालन खर्च | ३७८८००० | ४७ विद्यालय | वत्ती (प्राबि मासिक रु २००० का दरले आधारभूततह रु ३००० र मदरसा रु १५००) मसलन्द, (प्राबि १००००,आवि १५००० र मदरसा १००००),खेलकुद (प्राबि २५०००, आवि ४५०००, मावि ६००००,मदरसा १५०००) र परीक्षा संचालन खर्च विद्यालयको विद्यार्थी संख्याको आधारमा अनुदान दिन । |
| ६ | कक्षा ८ परीक्षा सञ्चालन व्यवस्थापन | ४००००० | ३० विद्यालय | स्थानीयतह आधारभूत शिक्षा परीक्षा कक्षा ८ व्यबस्थित तरिकाले संचालन गर्नको लगि व्यबस्थापन खर्च |
| ९ | शिक्षा सम्बन्धी कार्यविधि निर्माण खर्च | ५०००० | १ पटक | |
| ९ | गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद | ६००००० | १ पटक | सबै सामुदायिक र संस्थागत विद्यालयका बालबालिकाहरुको प्रतिभा पहिचान गर्न अतिरिक्त खुलकुद सञ्चालन गर्ने |
| १० | दैनिक भ्रमण भत्ता/अनुगमन तथा निरीक्षण / सञ्चार तथा ईन्धन खर्च | २५०००० | | यस शिक्षा शाखामा कार्यरत कर्मचारीका लागि विद्यालय अनुगमन,परीक्षा अनुगमन तथा अन्य शैक्षिक गतिविधि संचालन भएको कार्यक्रम गर्न र कार्यालयको कामकाजले बाहिर जानु पर्ने अबस्थामा दैनिक भ्रमणभत्ता अनुगमन र ईन्धन व्यबस्थापन गर्ने |
| १२ | भर्ना अभियान कार्यक्रम संचालन | ५०००० | १ पटक | विद्यालयमा सबै वालबालिकाको सुनिश्चताको लागि २०७८ असार १ गते देखि १५ गते सम्म रेडियो जिङ्गल बजाउने,घरदैलो कार्यक्रम संचालन गर्ने,विद्यार्थीलाई स्वागत तथा पर्चापमप्लेट छपाई कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| १५ | पूर्व प्राथमिक शिक्षकहरुको थप पारिश्रमिक | २७७२००० | ६६ जना | सबै ६६जना पूर्व प्राथमिक शिक्षकहरुलाई मासिक रु 7000 का दरले 6 महिनाको प्रोत्साहन भत्ता दिने |
| १६ | आधारभूत तह मावि, निमावि र प्रावि कर्मचारी पारिश्रमिक | २०१६००० | ४८ जना | सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहयोगीलाई मासिक रु 7000 का दरले 6महिनाको प्रोत्साहन भत्ता दिने |
| १७ | सबै तहका प्रधानाध्यापकहरुका लागि प्रोत्साहन प्रधानाध्यापक भत्ता | ६६०००० | ४७ जना | मदरसा प्रअ मासिक ५००, प्रावि मासिक १००० ,निमावि मासिक प्रअ १५०० र मावि प्रअ २००० का दरले प्रधानाध्यापक भत्ता |
| १९ | शैक्षिक महोत्सव तथा अतिरिक्त क्रियाकलाप | ३००००० | ६७ विद्यालय | यस गाउँपालिकामा संचालन भएका सामुदायिक र संस्थागत विद्यालयको स्वस्थ प्रतिस्पर्धा गराउन तथा विद्यार्थीमा रहेको अन्तरनिहित प्रतिभा लाई प्रस्पुठन गराउन शैक्षिक महोत्सव तथा अतिरिक्त क्रियाकलाप संचालन गर्ने |
| २० | मदरशा ब्यबस्थापन अनुदान | ८५०००० | १७ मदरसा | यस गाउँपालिकामा १७ वटा नियमानुसार संचालन भएका मदरसालाई प्रस्तावनाका आधारमा प्रति मदरसा रु ५०००० अनुदान प्रदान गर्ने |
| २१ | शिक्षा सम्बन्धी विभिन्न बैठक सञ्चालन | ३००००० | १० पटक | शिक्षा सम्बन्धी गाउँ शिक्षा समितिको बैठक, प्रधानाध्यापक बैठक, ब्यवस्थापन समिति , शिक्षक अभिभावक संघ बैठक,विभिन्न कार्यदलको बैठक,सा सि केन्द्र बैठक शैक्षिक संवाद समितिको बैठक र अन्य समितिहरुको बैठकमा खाजा र स्टेशनरी खर्च |
| २२ | शैक्षिक क्यालेण्डर | ७५००० | १ पटक | विद्यालयको सम्पूर्ण वार्षिक कार्ययोजना समावेश गरेर शैक्षिक क्यालेण्डर प्रकाशन गर्ने |
| २५ | गत आव मा सबै तहमा शिक्षक अनुदान प्राप्त विद्यालयलाई निरन्तरता | ८७७८८५० | प्रावि ६ निमावि १९ मावि ६ जना | प्राथमिक तह मासिक १५००० निमावि १८००० र मावि २८००० का दरले निकासा |

| | | | | |
|---|---|---|---|---|
| २६ | एकमुष्ट शिक्षण सिकाइ अनुदान | २९५०१५० | | प्रतिविद्यार्थी लागतका आधारमा शिक्षक विद्यार्थी अनुपात बढी भएका विद्यालयहरुलाई थप शिक्षक अनुदान वितरण गर्ने |
| २७ | शैक्षिक बुलेटिन प्रकाशन | ५०००० | १ पटक | शैक्षिक शत्रको शुरुमा वितरण गर्ने गरि शैक्षिक क्यालेन्डर निर्माण गर्ने |
| २८ | उत्कृष्ट प्रअ शिक्षक/विद्यालय विद्यार्थी अभिभावक कर्मचारीहरुलाई सम्मान गर्ने | १००००० | २५ जना | मापदण्डका आधारमा उत्कृष्ट प्रअ शिक्षक अभिभावक विद्यार्थी कर्मचारीहरुलाई सम्मान र पुरस्कृत गर्ने |
| ३० | विपदमा परेका बालबालिकाहरुलाई शैक्षिक सामग्री सहित सहयोग | १००००० | ५० जना | सबै तहका जुन सुकै प्रकोपबाट विपदमा परेका बालबालिकाहरुलाई रु २०००।कादरले ५०जना बालबालिकाहरुलाई शैक्षिक सामग्री पोशाक र झोला समेत वितरण गर्ने |
| ३१ | इन्टरनेट कनेक्टीभिटी | १६०००० | १० वटा विद्यालय | माध्यमिक विद्यालय र आधारभूत विद्यालयमध्ये छनौट भएका विद्यालयहरुमा इन्टरनेट जडान गर्ने |
| ३५ | अध्यक्षसँग स्काउट कार्यक्रम | ३००००० | १४ वटा मावि | १४ वटा माविमा स्काउटिङ्ग क्रियाकलाप सञ्चालन र ब्यवस्थापन गर्ने |
| ३६ | वार्षिक कार्यक्रम प्रवोधिकरण र प्रगति समिक्षा गोष्ठी | १५०००० | १ पटक | सशर्त र पालिकाको शिक्षा बजेटको वार्षिक कार्यक्रम प्रोधिकरण र प्रगति समिक्षा गरी प्रगति प्रतिवेदन तयार पार्ने |
| ३७ | शैक्षिक तथ्यांक संकलन प्रशोधन र प्रयोगका सम्बन्धमा तालिम | १००००० | | शैक्षिक तथ्याङ्कको प्रयोगको क्षमता अभिवृद्धि गर्न flash system को बहुप्रयोगमा जोड दिने |
| ३८ | मुस्लिम मधेशी सिमान्तकृत गरिव असाहय छात्राहरुको लागि कक्षा ११ र १२ छात्रवित्त | ३००००० | | कक्षा ११ र १२ मा अध्ययनरत मुस्लिम मधेशी सिमान्तकृत गरिव असाहय छात्राहरुको नामावली संकलन गरी प्राथमिकता निर्धारण गरी छात्रवृत्ति वितरण गर्ने |
| ३९ | कार्यालय सञ्चालन ,मसलन्द , मर्मत सम्भार | ५००००० | | कार्यालय सञ्चालन मसलन्द खर्च र मर्मत सम्भार र विविध खर्च |

| | | | | |
|---|---|---|---|---|
| | र विविध खर्च | | | |
| ४० | आव २०७७।०७८ को ४ कोठे भवनको पालिकाको अनुदान | १४००००० | | योगिनी मावि गौघाट र शुक्र मावि केगाउँलाई ७००००० का दरले अनुदान निकासा |
| जम्मा बजेट | | २७५००००० | | |

**स्वास्थ्य शाखाः**

| सि.नं. | मुख्य कियाकलाप | बजेट |
|---|---|---|
| १ | स्वास्थ्य संस्था मर्मत तथा औजार खरीद | २५०,०००.०० |
| २ | स्वास्थ्यकर्मिको फिल्ड भत्ता | २१६,०००.०० |
| ३ | पुर्णखोप दिगोपना तथा घरधुरी सर्बेक्षण | ५०,०००.०० |
| ४ | म.स्वा. स्वयंसेविका दिवशमा बार्षिक कार्यसंम्पादन मुल्यांकनको आधारमा उत्कृष्ट प्रति वडा ३ जना लाई सम्मान तथा पुरष्कृत गर्ने | १००,०००.०० |
| ५ | रेकर्डिङ. रिपोर्टिङ.,स्टोरब्यबस्थापन,सामान ढुवानि गर्ने तथा कार्यक्रम संचालन गर्न चाहीने आवश्यक फारम तथा एच.एम.आई.इ.एस. छपाई | २५०,०००.०० |
| ६ | आधारभुत स्वास्थ्य सेवा संचालनार्थ निशुल्क औषधि खरिद | १,५००,०००.०० |
| ७ | स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाको कामको लागी ईन्धन, संचार तथा कार्यालय संचालन खर्च | २५०,०००.०० |
| ८ | बर्षको एक पटक नि शुल्क जेष्ठ नागरिक स्वास्थ्य शिबिर संचालन | १,०००,०००.०० |
| ९ | परिवार नियोजन पुनरताजगी तालिम संचालन | १००,०००.०० |
| १० | एम. एन. एच. अपडेट | १२०,०००.०० |
| ११ | म.स्वा. स्वयंसेविका लाइ प्रोत्साहन भत्ता, मोबाईल रिचार्ज खर्च | ९०७,०००.०० |
| १२ | स्वास्थ्य संस्थाहरुलाई बिजुली, पानि, टेलीफोन तथा कार्यालय संचालन खर्च | ९००,०००.०० |
| १३ | स्वास्थ्य को कार्यक्म अनुगमन,मुल्याङ.कन तथा सुपरिबेक्षण | ४०,०००.०० |
| १४ | स्वस्थ्य शिशु उज्वल भबिष्य | १५०,०००.०० |

| | | |
|---|---|---|
| १५ | सुचना ब्यबस्थापनको लागी आवश्यक ल्यापटप खरीद | ८०,०००.०० |
| १६ | बिबिध खर्च | ५००,०००.०० |
| १७ | सुत्केरी संग स्वास्थ्यकर्मी | ५००,०००.०० |
| १८ | प्रत्येक स्वास्थ्य संस्थामा स्तनपान कक्ष निर्माण | २००,०००.०० |
| १९ | आकस्मिक तथा बिपतको लागी स्वास्थ्य सामाग्री खरिद | २००,०००.०० |
| २० | स्ट्यान्डर टिट्मेन्ट प्रोटोकल S T P तालिम संचालन | १००,०००.०० |
| २१ | खोपकेन्द्र तथा गाउँघर क्लिनिक संचालनका लागी भवन निर्माण | - |
| २२ | सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा सार्बजनिक सुनुवाई | २००,०००.०० |
| २३ | महिला स्वास्थ्य स्वंयसेबिकाको अर्धबार्षीक समिक्षा | २००,०००.०० |
| २४ | कार्यालय सहयोगी तथा सफाईकर्मीलाई I P TRAING | ५०,०००.०० |
| २५ | महिला स्वास्थ्य स्वयं सेविका को स्वास्थ्य बिमा | १८९,०००.०० |
| २६ | प्रजनन स्वास्थ्य सम्बन्धि बाषिक समिक्षा कार्यक्रम | ५०,०००.०० |
| | जम्मा | ८,१०२,०००.०० |

**न्यायिक समितिः**

**माथि चालु कार्यक्रममा उल्लेख भएको बजेट रू. १५ लाख भित्र निम्नानुसार कार्यक्रम हुने गरि बजेट विनियोजन गरेको छु ।**

| क्र.सं. | कार्यक्रम | परिमाण | बजेट |
|---|---|---|---|
| १. | वडास्तरमा भएका मेलमिलाप संयोजकहरूको पारिश्रमिक | ८ जना | ६७२,०००।- |
| २. | प्रति विवाद मेलमिलाप वापतको रकम | १५० | १३५०००।- |
| ३. | मेलमिलाप कर्ताहरूलाई पुर्नताजगी तालिम | २ पटक | २३०,०००।- |
| ४. | समिक्षा बैठक | ३ पटक | ७५०००।- |
| ५. | कोर्ट अनुगमन मेलमिलाप संयोजकहरूलाई | ३ पटक | ७५०००।- |
| ६. | सिकाई आदन प्रदान गोष्ठी | २ पटक | १,००,०००।- |
| ७. | विविध | | ६२,०००।- |
| ८. | भ्रमण तथा अनुगमन | | १५१,०००।- |
| | जम्मा | | १५,००,०००।- |

**नागरिक आरोग्य केन्द्र**

| सि.नं. | मुख्य कियाकलाप | बजेट |
|---|---|---|
| १ | आर्युवेदीक औषधी खरिद | ४००,०००.०० |
| २ | कोभिड नियन्त्रणका तथा सचेतनामुलक कार्यक्रम | १००,०००.०० |
| ३ | पञ्चकर्म सेवा (थेरापी) विस्तारका लागि | १२५,०००.०० |
| ४ | जेष्ठनागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम | १००,०००.०० |
| ५ | स्तनपायी आमा तथा नवजात शिशुको रक्षार्थ सुत्केरी महिलाहरुको लागि दुग्द वर्धक औषधी वितरण | ७५,०००.०० |
| ६ | विद्यालय तथा समुदायमा योग तथा जीवन शैली व्यवस्थापन कार्यक्रम | १००,०००.०० |
| ७ | निशुल्क आयुर्वेद स्वास्थ्य शिविर | १००,०००.०० |
| | जम्मा | १,०००,०००.०० |

सभा अध्यक्षज्यू,

अब म संघ र प्रदेश सरकारबाट खजुरा गाउँपालिकाका लागि प्राप्त हुन आएको बजेट  तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**संघिय सरकारबाट**

| सि.नं. | आयोजना/कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | सशर्त अनुदान अन्तर्गत प्राप्त बजेट तथा कार्यक्रम चालु तर्फ | २८,७२,००,०००।- | |
| २. | सशर्त अनुदान अन्तर्गत प्राप्त बजेट तथा कार्यक्रम पुजिगत तर्फ | ३,२६,००,०००।- | |
| ३. | समपुरक अनुदानबाट वडा नं.५ वडा कार्यालय देखि औद्योगिकग्राम जाने पुरैना सडक स्तरउन्नती | ४२,००,०००।- | |
| ४. | विषेश अनुदान पुजिगत तर्फका कार्यक्रमः | १,५०,००,०००।- | |
| | वडा नं.३ जेष्ठनागरिकका लागि संचालित खुसियाली घरमा टहरो सौचालय र व्यवस्थापन- ४२,००,०००।- | | |
| | वडा नं.४ र ६ मा आधारभुत स्वास्थ्य अधुरो भवन निर्माण र तारबार-४६,००,०००।- | | |
| | खजुरा गाउँपालिकाको फोहरमैला व्यवस्थापनका लागि फोहरमैला प्रशोधन स्थल निर्माण- ६२,००,०००।- | | |
| ५. | सशर्त अनुदान अन्तर्गत प्रधानमन्त्रि रोजगार कार्यक्रम युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत | १,४३,००,०००।- | |

**प्रदेश सरकारबाट**

| सि.नं. | आयोजना/कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | शीतभण्डार निर्माण सहयोग अनुदान | २,००,००,०००।- | |
| २. | बलैपुर चौकको सार्वजनीक अपुरा भवन निर्माण वडा नं.२ | १०,००,०००।- | |
| ३. | खेलकुद मैदानको प्याराफिट निर्माण डि गाउँ वडा नं.४ | ७०,००,०००।- | |
| ४. | बाली कटानी तथा तथ्यांक अद्यावधिक | ५०,०००।- | |
| ५. | कृषि/पशुपन्छी अधिकृत जनशक्ति सेवा करार | ४,९४,०००।- | |
| ६. | मुख्यमन्त्रि ग्रामिण विकास तथा रोजगार कार्यक्रम | ६०,००,०००।- | |
| ७. | बाँके बर्दिया मुल सडक दजेखि सिन्दुरी गाउँ जाने बाटो स्तरउन्नती | ३७,००,०००।- | ५० प्रतिशत पालिकाबाट थप गरि कार्यक्रम गरिने |
| ८. | बसन्तापुर हुँदै एल गाउँ जोड्ने बाटो स्तरउन्नती वडा नं.५ | ३७,००,०००।- | ५० प्रतिशत पालिकाबाट थप गरि कार्यक्रम गरिने |
| ९. | उढरापुर देखि ६ नं. वडा कार्यालय जाने बाटो स्तरउन्नती वडा नं.६ | ३९,००,०००।- | ५० प्रतिशत पालिकाबाट थप गरि कार्यक्रम गरिने |
| १०. | अहिरन टोल देखि क्रान्तिपुर जाने बाटो स्तरउन्नती | ३७,००,०००।- | ५० प्रतिशत पालिकाबाट थप गरि कार्यक्रम गरिने |

सभा अध्यक्षज्यू,

माथि पूजिगत तर्फको विनियोजीत बजेट भित्र रही गाउँपालिकाको तपसिलका गौरवका योजनाहरू पेश गरेको छु ।

१. खजुरा गाउँपालिकाले आ.व. ०७५।०७६ मा निर्माण आरम्भ गरेको बहुउद्देश्यि सभा हललाई सम्पन्न गर्ने ।

३. खजुरा गाउँपालिकाको शित भण्डार निर्माण कार्यका लागि सम्पन्न गर्ने ।

४. खजुरा गाउँपालिकाको वडा नं.६ औद्योगिक ग्राम जाने बाटो संघिय समपुरक योजना अन्तर्गत रू. ४२,००,०००।- को र पालिकाको सत प्रतिशतबाट योजना आरम्भ गर्ने ।

४. खजुरा गाउँपालिकाको प्रशासनिक भवन कार्यलाई तिव्रता दिई निर्माण गर्ने ।

५. खजुरा गाउँपालिकाको १५ शैयाको अस्पताल निर्माण कार्यलाई तिव्रता दिई निर्माण गर्ने ।

६. संघिय सरकारबाट फोहरमैला व्यवस्थापनका लागि प्राप्त हुन आएको रकममा आवश्यक स्थान पहिचान गरि फोहरमैला व्यवस्थापनमा जोड दिने ।

सभा अध्यक्षज्यू,

म यस खजुरा गाउँपालिकामा केही संघ संस्थाहरूले पेश गरेका आफ्नो बजेट सहितको कार्यक्रम पेश गरेको हुँदा उक्त संस्थाहरूको नामावली र कुल कार्यक्रम बजेट देहाय अनुसार भएकाले पेश गर्ने अनुमति चाहान्छु ।

१. भेरी बातावरणीय विशिष्टता समुह (बि ग्रुप) रू. १७,९९,०८७०।- र २,९८,०००।- गरि जम्मा:रू. १,८२,८८,८७०

२. दलिम महिला संघ रू. ३९,८१,८९०।६१

३. पढ्नका लागि कोठा रू. ४,४५,५९९।-

४. जनजागरण समाज रू. १५,९३,६९७।-

यस सभाका अध्यक्ष महोदय

बजेट प्रस्तुत गरिरहदा सिमित श्रोतसाधनबाट बजेट तयार गर्दा सबैको चाहाना र  आवश्यकता अनुसार एकैचोटी बजेटमा सम्बोधन गर्न सकिने अवस्था रहदैन । प्राथमिकता र आवश्यकताका आधारमा श्रोत साधनको उपलब्धता र सुनिश्चिततालाई मध्यनजर गरी यो बजेट तथा कार्यक्रम तयार गरिएको छ । नागरिकहरूको आवश्यकता र चाहानाहरूलाई हामी क्रमिकरूपमा पुरा गर्दै जाने प्रण गर्दछौ । यसका लागि सबैसंग सकारात्मकरूपमा सहयोगको अपेक्षा लिएको छु ।

बजेट तर्जुमा संगसगै यसको कार्यान्वियन गर्ने महत्वपूर्ण पाटो रहेको छ । कार्यक्रमहरू समयमै प्रभावकारी रूपमा संचालन आउन सके मात्र बजेटले अपेक्षा गरेको उपलब्धी हासिल हुने भएकोले यस बजेटको प्रभावकारी कार्यान्वियनका लागि सबैमा अनुरोध गर्दछु ।

चालु आर्थिक वर्षको बजेटले हाम्रो खजुरा राम्रो खजुरा समुन्नत खजुरा हाम्रो चाहना को दीर्घकालीन सोचतर्फ अघि बढ्न मद्दत गर्ने विश्वास लिएको छु ।

बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने सबै हार्दिक आभार प्रकट गर्दछु । विनियोजन विधेयक २०७८ का सिद्धान्त र प्राथमिकतामा ब्यापक छलफल गरी राजनीतिक दलका नेताहरू कार्यपालिकाका सदस्यहरू, विषयगत समितिका संयोजकहरू, विज्ञ, गाउँपालिकाका कर्मचारीहरूले दिनु भएको सुझावहरूलाई समेटेर बजेटनिर्माण गर्न सहयोग पुराउने राष्ट्रसेवक कर्मचारीहरू प्रति अभारी छु । त्यस्तै बजेट तर्जुमा गर्दा सुझाव दिनुहुने निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, र सम्पूर्ण खजुरा वासी दिदीबहिनी दाजुभाईहरूमा हार्दिक धन्यवाद ब्यक्त गर्दै यो बजेट कार्यान्वियनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

धन्यवाद

एकमाया वि.क.

उपाध्यक्ष /बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक

मिति २०७८।३।१० गते